हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६८ पृष्ठ : ४ २०७७ माघ ०६ गते मंगलबार (Tuesday 19 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## •सहिदलाई स्मरण गर्दै मनाइयो बलिदानी दिवस•

मधेस आन्दोलनका सहिदको सम्मानमा सोमबार लहानमा बलिदानी दिवस मनाइएको छ । प्रत्येक वर्ष माघ ५ गते मधेस केन्द्रीत दलले बलिदानी दिवस मनाउँदै आएका छन् । पहिलो मधेस आन्दोलनका क्रममा २०६३ माघ ५ गते सिरहाको लहानमा रमेश महतोले सहादत प्राप्त गरेपछि स्मरणमा प्रत्येक वर्ष बलिदानी दिवस मनाउने गरिएको छ । रमेश महतो मधेस आन्दोलनका पहिलो सहिद हुन् ।

# 'अब नेताका लागि होइन, आफ्नै लागि 'ब्यालेट आन्दोलन' गर्नुहोस्' : डा. सिके राउत




लहान । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले अब मधेसको रूपान्तरण जरूरी रहेकाले मधेसमा जनता राज कायम गर्न र बेरोजगारी अन्त्य गर्न मधेसले 'ब्यालेट आन्दोलन' गनुपर्ने बताएका छन् ।

मधेस आन्दोलनको क्रममा भएका सहिदहरूको सम्झनामा सोमबार सिरहाको लहानमा आयोजित १४ औं बलिदानी दिवसमा उनले यस्तो बताएका हुन् । 'थुप्रा आन्दोलनहरू भए, तर ती सबै आन्दोलनलाई भजाएर नेताहरू मात्रै मोटाए,' जनमत पार्टीद्वारा आयोजित बलिदान दिवस तथा श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै डा.

———बाँकी २ पेजमा

## स्वाधिन मधेस जन अभियानद्वारा सहिद चौंकमैं कार्यक्रम



डा. सिके राउत नेतृत्वको जनमत पार्टीले लहानको पशुपति आदर्श माविको चौरमा श्रद्धाञ्जली सभा भइरहेको थियो । अपरान्ह ३ बजे राउतले सभालाई सम्बोधन गरिरहेका थिए । त्यही समयमा राउतबाटै अलग भएका तत्कालीन स्वतन्त्र मधेस गठबन्धनका राष्ट्रिय सह-संयोजक एवं स्वाधिन मधेस जनअभियानका राष्ट्रिय संयोजक प्राध्यापक कैलाश महतो नेतृत्वले सहिद रमेश पार्कको मूल गेटमै श्रद्धाञ्जली सभा गरी

———बाँकी ३ पेजमा

## बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




# मधेसी सहिद प्रतिष्ठान बनाइने




प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले मधेसी सहिद प्रतिष्ठान बनाउने घोषणा गरेका छन् । प्रदेश सरकारले सोमबार जनकपुरमा आयोजना गरेको बलिदानी दिवस कार्यक्रममा मधेस आन्दोलनमा सहिद भएका आश्रित परिवारको भरणपोषण, शिक्षा, सम्मानका लागि प्रतिष्ठान बनाइने मुख्यमन्त्री राउतले बताए । प्रदेश सरकारले मधेस आन्दोलनमा ज्यान गुमाउने ६० सहिद परिवारलाई जनही २५ हजार नगद, दोसल्ला तथा फूलमालासहित सम्मान गरेको छ । कार्यक्रममा जनता

———बाँकी ३ पेजमा




## फ्रेन्डस मोडेल हसिपटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# मधेस आन्दोलनका कमाण्डर ओझेलमा



युगौंदेखि बहिष्करणमा परेका मधेसी समुदायको अधिकार, पहिचान, आत्मसम्मान र शासन सत्तामा समान सहभागिता सहित संघियताको माग गर्दै सुरु भएको पहिलो मधेस आन्दोलनले देश संघियतामा गएर प्रदेश २ मा सरकार बनेपनि आन्दोलनका कमाण्डर कृष्णबहादुर यादव ओझेलमा छन् ।

प्रदेश २ सरकारले जनकपुरमा र जनमत पार्टी लगायत विभिन्न मधेसकेन्द्रित दलले लहानमा सोमबार 'बलिदानी दिवस' मनाइरहदा १४ वर्षअघि मधेस आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन लहानको मोर्चा सम्हालेका कृष्णबहादुर यादवले आफू सबैबाट वेवास्तामा प्रति दुःखेसो गरे । लहानका विभिन्न स्थानमा बलिदानी दिवस मनाइरहदा मधेस आन्दोलनको हरेक पटक लहानको मोर्चा सम्हालेका यादव भने कार्यक्रममा उपस्थित नभई विशाल होटल आसपासमा एक्लो बसिरहेका थिए । उनी सञ्चारकर्मीसँग मौन रुपमा देखिन्थे ।

२०६३ माघ ४ गते तत्कालीन मधेसी जनाधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा काठमाण्डौको माइतिघर मण्डलामा तिनदिन अघि जारी गरिएको अन्तरिम संविधान जलाउँदा यादवसहित २८ जना नेता कार्यकर्तालाई प्रहरीले पक्राऊ गरेको थियो । उनीहरूको रिहाइको लागि फोरमका तत्कालीन केन्द्रिय सदस्य रहेका कृष्णबहादुर यादव आन्दोलनलाई उचाईमा पुऱ्याउन जोडतोडकासाथ लागिपरेका थिए । लहानबाट मधेस आन्दोलन अगाडि बढाउन कृष्ण बहादुर यादवको संयोजकत्व, सदस्य सचिव राजेश कुमार गुप्ता, डिले मिझार, स्व. विष्णुदेव चौधरी, बालेश्वर यादव, दिनेश्वर गुप्ता, रामचलितर महतो सदस्य रहेको लहान आन्दोलन समिति बनेको थियो । त्यतिखेर आन्दोलन चर्काउन फोरमका समर्थक नभेटिदा यादवले स्थानीय युवाहरूलाई समेटेर प्रदर्शनलाई अगाडि बढाएका थिए ।

उनकै अथक प्रयासका कारण आन्दोलनले गति लिन थालेपछि प्रदर्शनको क्रममा माओवादी कार्यकर्ताको गोली लागी माघ ५ गते १७ वर्षीय किशोर रमेश महतोले सहादत प्राप्त गरेपछि आन्दोलन उत्कर्षमा पुगेको थियो । पहिचान र अधिकारका लागि भएको पहिलो मधेस आन्दोलनका क्रममा सिरहाका रमेश महतो, प्रमोद सदाय, बेचन यादव, विजय कुमार सहनी, मोहम्मद अनिस लगायत देशभरका ५४ जनाले मधेस मुक्तिका लागि बलिदानी दिएका थिए । २०६३ माघ ५ गतेबाट सुरु भएको आन्दोलनलाई 'बलिदानी दिवस' को रुपमा मनाउदै आएको छ । प्रदेश सरकारले माघ ५ गतेलाई शहिद दिवस घोषणा गरी सार्वजनिक विदा दिएको थियो ।

अधिकार, पहिचान र आत्मसम्मानसहित संघियताको लागि पहिलो मधेस आन्दोलनबाट उठान भएको मुद्दा प्राप्ति नभएपछि २०७२ मा भएको दोस्रो मधेस आन्दोलनमा ५६ जनाले ज्यान गुमाए । तेस्रो २०७३ मा ५ र २०७४ मा २ जनासहित अहिलेसम्म १ सय १७ जनाले मधेसमा बलिदानी दिएका छन् । मधेस आन्दोलन र मुद्धाका बलमा प्रतिनिधि सभामा तत्कालीन राजपाले ११ र संघीय समाजवादी फोरमले १० क्षेत्रमा जीत हासिल गऱ्यो । त्यस्तै प्रदेश २ को प्रदेश सभामा ६४ निर्वाचन क्षेत्रमध्ये फोरमले २० र राजपा १५ क्षेत्रमा जीत

——— बाँकी ३ पेजमा

# बलिदानी दिवसलाई कसरी सम्झने ?

दीपेन्द्र झा



नेपालको अन्तरिम संविधानमा संघीयता समावेश नभइकन संविधान जारी भएपछि मधेसीहरूले माईतीघर मण्डलवाट सुरूवात भएको मधेश जनविद्रोहको क्रममा २०६३ को माघ ५ अर्थात आजैको दिन रमेश महतोको लहानमा बलिदान भएको थियो ।

माओवादी कार्यकर्ताले चलाएको गोली लागेर १७ वर्षीय रमेश महतो मारिएपछि त्यसपछि आगो झैं सल्किएको आन्दोलनले हरेक मधेसीहरूलाई आन्दोलित बनाएको थियो । राज्यको संयन्त्रबाट डराउने र सुरक्षाकर्मी देख्दा घरभित्र लुक्ने मधेसी महिलाहरू पनि हातमा कुचो लिएर सडकमा आएका थिए, राज्यबाट शदियौंदेखि भएको भेदभावको विरोध गर्न ।

रमेश महतोको शहादतले दर्जनौं अन्य मधेसीलाई भेदभावविरूद्ध लड्न प्रेरणा दिएको थियो । पहिचान, समावेशिता, समान प्रतिनिधित्व र समानताको अधिकारको लागि मधेसमा सम्भवतः उठेको सबैभन्दा शाक्तिशाली आन्दोलन नै यही थियो । यही आन्दोलनले अन्तरिम संविधानको धारा १३८ मा संघीयतालाई प्रत्यभूत गरेको थियो ।

प्रथम मधेस आन्दोलन नै दोस्रो र तेस्रो मधेस आन्दोलनको प्रेरणा स्रोतको रूपमा रहयो । मधेस आन्दोलनका कारण नै आज मधेसीहरूले काठमाडौं र अन्य पहाडी भेगमा निर्धक्कसाथ आफ्नो भाषामा कुरा गर्न सक्छन् । मधेस आन्दोलनकै कारण आज मधेसीहरूले शदियौंदेखि काठमाडौं र पहाडी क्षेत्रमा भोग्ने भेदभावमा कमी आएको छ ।

मधेसीहरूले आफ्नो पहिचान, समावेशिता र समान अधिकारको लागि अझै पनि ठूलो संघर्ष गर्न बाँकी नै छ । तर मधेस आन्दोलनकै कारण मधेसीहरू समान नेपाली हुन पाएका छन् ।

पञ्चायत कालमा र २०४६ को बहुदलपछि पनि मधेसीहरूलाई काठमाडौंमा धोती, भैया र भारतीय भनेर हेप्ने चलन व्यापक थियो । गजेन्द्र नारायण सिंहले नेतृत्व गरेको सदभावना पार्टीले खुलामञ्चमा आयोजना गरेको कार्यक्रममा ढुंगा हानिएको र ऋतिक रोशन घटना प्रकरणमा मधेसीहरूलाई आक्रमणको शिकार बनाएको घटना अझै पनि हाम्रो मानसपटलमा ताजै छ ।

२०६२ र ६३ को जनआन्दोलनपछि भएको मधेस आन्दोलन मधेसीहरूले देशभित्र शदियौं देखि भोग्दै आएको भेदभाव र अपमानविरूद्धको भावनात्मक विस्फोट थियो । बलिदानी दिवसलाई हामीले यसरी सम्झनु उचित हुन्छ । अन्तरिम संविधान पछि बनेको नेपालको संविधान, २०७२ मा धेरै कमजोरीहरू रहेका छन् । खासगरी संघीयता, समावेशिता पहिचान र समान प्रतिनिधित्वको क्षेत्रमा तर पनि यो संविधानले मधेसी र पछाडि परेका अन्य वर्ग तथा समूहहरूलाई माथि उठाउनका लागि केही सकारात्मक व्यवस्थाहरू अंगीकार गरेको छ । अहिले भएको उपलब्ध जोगाउने र सँघर्ष जारी राख्ने हो ।

आज राज्यका सबै अंगहरूमा मधेसीहरूले समानुपातिक प्रतिनिधित्व प्राप्त गर्न सकेको छैन, तर जे भए पनि हिजोको भन्दा आज सरकारी अड्डाहरूमा मधेसी अनुहारहरु केही संख्यामा देखिन थालेका छन् । हिजोको भन्दा आज संसदमा मधेसी प्रतिनिधिहरूको संख्या आज बढी छ । हिजोको भन्दा आज मधेसी महिला र अन्य महिलाहरूको प्रतिनिधित्व राज्यका तीनै अंगमा बढेको छ ।

मधेस आन्दोलनपछि राज्यका तीन मुख्य जातीय समूहहरूमा -पहाडी, जनजाति तथा मधेसी समुदायमा अब मधेसी समुदायलाई वेवास्ता गरेर राज्य आगाडि बढ्न सक्दैन । मधेसी समुदायले आफ्नो अधिकार प्राप्त गर्नको लागि दृढतापूर्वक अभिव्यक्त गर्नमा पनि बलिदानी दिवस र मधेस आन्दोलनको योगदान छ ।

तर मधेस आन्दोलनले परिकल्पना गरेको पहिचान, समान अधिकार र समावेशिता अझै पनि मधेसी, जनजाति, दलित, महिला र बन्चितीकरणमा परेका समाजका अन्य वर्ग र समुदायले पाइसकेका छैनन् । सँघर्ष र मधेश बलिदानीले लाएको संघियता मुलधारेहरूको नकारात्म रवैयाका कारण ठूलो चुनौती अझै कायम छ । प्रदेशहरूलाई अधिकार नदिने चुनौती अझै पनि कायम छ ।

अर्कोतिर मधेसीहरूले समानुपातिक प्रतिनिधित्व अझै पनि पाउन सकेको छैन । वर्तमान संविधानले अन्तरिम संविधानको संख्याभन्दा बढी जातीय र वर्गीय कलस्टर थपेका कारण मधेसीहरूको समानुपातिक प्रतिनिधित्वमा असर पर्ने देखिन्छ ।

अर्कोतिर आन्दोलनले मधेसीहरूको भाषिक स्वायत्तताको कुरा उठाए पनि केन्द्र र प्रदेशमा भाषिक बुहलताको अवस्थामा अझै पनि चुनौती कायम नै छ ।

नागरिकताको सवालमा नयाँ कानुन नबनेको कारण नागरिकहरू वर्षौंदेखि नागरिकता पाउनबाट बन्चित नै रहेका छन्, अर्कोतिर नेपालको संवैधानिक इतिहासले आजसम्म नलगाएको संवैधानिक बन्देज वर्तमान संविधानले अंगीकृत र जन्मसिद्ध नागरिकहरूलाई लगाएको छ । यी कुराहरूमा मधेसी र अन्य जोकोही पनि जो समानता र समावेशी लोकतन्त्रको पक्षधरहरू थप अधिकार पाउनको लागि आगामी दिनहरूमा एकवद्ध भएर संघर्ष गर्न जरूरी छ । मधेसीहरूको बलिदानी दिवसलाई दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाले चलाएको आन्दोलन र अमेरिकामा मार्टिन लुथर किंगले चलाएको आन्दोलनकै स्वरूप हो ।

*साभार : मधेस टपबाट*

## अब...

राउतले भने, 'अब महाआन्दोलन हुनुपर्छ, अब आफ्नै लागि ब्यालेट आन्दोलन गर्नुहोस् ।'

डा. राउतले चुनाव जहिल्यै भएपनि तयारी अवस्थामा आफ्ना नेता कार्यकर्तालाई रहन निर्देशन पनि दिए । 'संसद विघटनको मुद्दामा अदालतको निर्णय कुरिरहेका छौं । निर्वाचन घोषणा भएको छ । कही निर्वाचन भयो भनि त्यसका लागि आफुहरु तयार छौं,'उनले भने,'निश्पक्ष निर्वाचन हुनुपर्छ ।' अहिलेदेखि नै चुनाव प्रचार-प्रसारमा उनले कार्यकर्ता खटन आग्रह गरेका छन् । अहिले सम्म मधेसी जनताको मत लिएर सत्तामा पुगेकाहरू केही नगरेकाले उनीहरूलाई आउने निर्वाचनमा फाल्नुपर्ने उनले बताए । मधेसवादी नेतालाई उनले विषालु सर्प र कुपात्रको संज्ञा दिएका छन् । मधेसीहरूले सर्पलाई दुध पिलाइरहेको भन्दै उनले कांग्रेस, नेकपा र जसपाका नेताहरूको सर्पसँग तुलना गरे ।

'सर्पलाई जतिपटक दुध पिलाएपनि त्यसले डस्ने नै हो,' उनले भने, 'त्यसैले अब यी सर्पलाई नचाएर फाल्ने पर्छ ।' 'जनताले पटक पटक मत दिए तर, शिक्षा, स्वास्थ्य, रोजगारीमा कुनै परिवर्तन आएको छैन,' उनले भने, 'अब मधेसबाट यी सर्प रुपीहरूलाई फाल्नुपर्छ ।' '०६३ को आन्दोलनपछि मधेसको नाममा पटक पटक मत पाएका नेताहरू मन्त्री भए तर, काम केही गरेनन्,' उनले भने, 'एक मधेस एक प्रदेश, प्रदेशको नामाकरण, सहिद परिवारलाई ५० लाख क्षतिपूर्ति र रोजगारी दिन सकेको छैन् ।' उल्टै सरकारमा गएर मधेसी जनतामाथि शोषण गरिरहेका उनको आरोप थियो ।

मधेस आन्दोलनको १४ वर्ष भएपनि सहिदहरूको सपना पूरा हुन नसकेको भन्दै राउतले गद्दार, बेइमान र ठग नेताहरूलाई तह नलगाई नहुने बताए । उनले मधेस आन्दोलनको बलमा नेता बनेकाहरू मधेश आन्दोलन र शहीदलाई बर्सिदिएको आरोप पनि लगाए ।

मधेसी जनता पटकपटक नेताहरूबाट ठगिएपनि सचेत नहुनु दुःखद रहेको औल्याउँदै उनले मधेसी जनता अझै गम्भीर नबने मधेससँग गद्दारी हुने बताए । कांग्रेस, कम्युनिस्ट र जसपा कसैले पनि मधेसको माग पूरा गर्न नचाहेको उनले बताए । राउतले लहान स्थित पहिलो मधेस आन्दोलनमा सहिद भएकाहरूको पार्कमा पुगि माल्यापर्ण र सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रम विभिन्न स्थानबाट दशौं हजार नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- नगद सापटी लिएका आफन्तहरूले वचन पूरा नगर्दा आर्थिक झन्झट आइलाग्न सक्छ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ ।

**वृष** :- नयाँ कार्यको प्रारम्भ हुनेछ । आ॑नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । मनोरञ्जनमा अभिरूचि जाग्नेछ । स्वास्थ्यको क्षेत्र मध्यम रहनेछ ।

**मिथुन**:- शुभ कार्यको योग छ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**कर्कट** :- आज दाम्पत्य जीवन सुखमय हुनेछ । धार्मिक यात्राको योगछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । शत्रुहरु पनि पराजित हुनेछन् ।

**सिंह**:- पारिवारीक झमेला आउला । कुविचारमा मन जानेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । सामान हराउने वा चोरी हुने भयछ ।

**कन्या** :- आज लाभ,हानी, आय,व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ । शुभ-अशुभ दुवै समाचार सुनिएला । मित्र संग मीठो भेट घाट रहनेछ ।

**तुला** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ ।

**वृश्चिक** :-दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । व्यापार व्यवसायमा फाईदा होला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**धनु** :- अभिभावकको सुझावले उचाइमा पुर्याउन सहयोग गर्नेछ । क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । प्रेमीको सहयोग पाईनेछ ।

**मकर**:- सामाजिक कार्यमा मन जाला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**कुम्भ**:- नयाँ कार्य प्राप्तिको योग छ । धैर्य गरी मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । प्रिय व्यक्तिसंग भेट घाट हुनेछ । लाभदायक यात्रा पनि होला ।

**मिन** :- आज पूराना रोकिएका अधूरा कार्यले गतिलिन सक्छ । आफन्तहरूको फरपूर साथ र सहयोग पाईनेछ, तर साँझमा खर्च बढ्न सक्छ ।

# मिस्टर एण्ड मिस सिरहा आइकनको फिनाले माघ २८ गते हुने

■ फिरोज शेख




लहान । मिस्टर एण्ड मिस सिरहा आइकन–२०२१ को फिनाले माघ २८ गते लहानमा हुने आयोजकले जनाएको छ ।

पी. प्रोडक्सन नेपाल प्रालिको आयोजनामा संचालन भइरहेको 'मिस्टर एण्ड मिस सिरहा आइकन–२०२१' को फिनाले २० दिनको तालिम पश्चात माघ २८ गते बाटिका टुरिजम प्रालिमा हुने आयोजकले जनाएको हो ।

देशका विभिन्न शहरहरूमा सफल ईभेन्ट तथा विभिन्न शो संगै कार्यक्रमहरूको आयोजना गरेर ख्याती कमाउन सफल पी. प्रोडक्सनका कार्यक्रम संयोजक विशाल पासवानले समाजमा बढ्दो महिला हिंसालाई न्यूनिकरण, बाल विवाह तथा लागू औषध मुक्त समाज निर्माण, स्थानीय भाषा, संस्कृती, धर्म, पहिचान, रहनसहन तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको बताए । फिनालेमा युवा तर्फ बाट एक जना र युवती तर्फ बाट एक जना गरी २ जना विजेता हुनेछन् । फिनालेमा नेपालका कलाकर्मी तथा मोडलहरू जजको रूपमा रहने छन । नेपालका चर्चित विभिन्न कलाकार तथा सहभागीहरूको प्रस्तुति रहने आयोजकले जनाएको छ । विजेता दुवै जनालाई नगद पुरस्कार, मोड्लिंग एग्रिमेन्ट, म्युजिक भिडियो गर्ने मौका, विभिन्न तालिम, एशक्लर्शिप, आकर्षक उपहार संगै अवार्ड र नेशनल म्यागजिनका लागि फोटो शुटको अवसर प्रदान गरिने आयोजकले जनाएको छ । यसैबीच प्रतियोगिता अन्तर्गत सम्पन्न तेस्रो अडिसन तथा टाइलेंट राउन्डमा सहभागी २५ जना युवा युवतीहरूले नृत्य, गायन, महिला हिंसा, बेराजगारी लगायतका शिर्षकमा आ–आफ्नो कला प्रस्तुत गरेका थिए ।

ट्यालेंट राउन्ड नेपाल युवा संघका जिल्ला सहसंयोजक आशानन्द यादवको प्रमुख आतिथ्यता तथा विवेक परियार, मनोज सहनी, पंकज गोस्वामी, कलाकार दिशांत बुढाथोकी, गोधुली होटलका संचालक आयुस अमात्य लगायतको उपस्तिथिमा सम्पन्न भएको थियो ।

तेस्रो अडिसन तथा टयालेंट राउन्डका जजहरूमा संयोजक तथा मिस्टर वर्ल्डवाईड इन्टरनेशनल नेपाल २०२० विजेता विशाल पासवान, मिस सिरहा २०२० विजेता सुप्रिया मण्डलसंगै शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगहर्जका संचालक फिरोज शेख रहेका थिए ।

## स्वाधिन...

बलिदानी दिवस मनाए । सभालाई सम्बोधन गर्दै स्वाधिन मधेस जनअभियानका राष्ट्रिय संयोजक कैलाश महतोले राउतले गरेका विगतको गल्तीको बारेमा प्रष्ट पारिरहेका थिए । प्राध्यापक महतोले डा. राउतले मधेसी स्वराजको आन्दोलनमा बिसर्जन गरेर गद्धारी गरेको आरोप लगाए । उनले आफूहरूले स्वाधिन मधेस जन अभियानको आन्दोलन लहानबाटै सुरू गर्ने उदघोष समेत गरे । अब सुरू हुने आन्दोलन शान्तीपूर्ण तरिकाले गरिने उनले बताए ।

## मधेसी सहिद...

समाजवादी पार्टीका नेता राजेन्द्र महतो, अनिल झा, मुख्यमन्त्री राउत, भौतिक पूर्वाधारमन्त्री जितेन्द्र सोनललगायतले सहिद परिवारलाई सम्मान गरेका थिए ।

नेता महतोले मधेस आन्दोलनताका आफूहरूले सहिद परिवारलाई ५० लाख प्रदान गर्ने घोषणा गरेको स्मरण सुनाए । 'मधेस आन्दोलनका क्रममा हामीले सहिद परिवारलाई ५० लाख दिने घोषणा गरेका थियौं । रूपैयाँ नै दिनुपर्छ भन्ने होइन । तर सहिद परिवारलाई सम्मानसँगै जीवनयापनको सम्पूर्ण सुविधा उपलब्ध गराउनु प्रदेश सरकारको दायित्व हो,' उनले भने । आन्दोलनका अनेकौं माग अझै पनि सम्बोधन हुन नसकेको उल्लेख गर्दै जसपा नेता झाले मधेस र मधेसीलाई अधिकार सम्पन्न बनाउन अझै पनि आन्दोलनको आवश्यकता रहेको बताए । मुख्यमन्त्री राउतले प्रदेश सरकार मधेस आन्दोलनका सहिदहरूलाई उच्च महत्त्वको साथ हेरेको तथा उनीहरूको आश्रित परिवारका लागि दीर्घकालीन योजना लिएर अघि बढेको बताए ।

प्रदेश सरकारले मधेस आन्दोलनमा ज्यान गुमाएका रमेश महतोकी भाउजूलाई मुख्यमन्त्री कार्यालयमा जागिर दिएको छ भने थप एक जनालाई मुख्य न्यायाधिवक्ताको कार्यालयमा, १६ जनालाई भौतिक पूर्वाधार मन्त्रालय, १५ जनालाई उद्योग, पर्यटन तथा वन मन्त्रालयमा १५ जनालाई, सामाजिक विकास मन्त्रालयमा १० जनालाई करार सेवामा जागिर दिएको जानकारी कार्यक्रममा दिइएको थियो ।

## मधेस आन्दोलनका...

हासिल भएपछि प्रदेश २ मा सरकार गठन भयो ।

मधेसमा हुने हरेक विद्रोहको मोर्चा सम्हालेका यादव अधिकारको लडाईमा सामेल भएपनि अहिले स्वतन्त्र जीवन बिताइरहेका छन् । त्यसो त जिद्धी स्वभावका उनी अहिले मधेसीको अधिकार र देशको रक्षार्थका लागि हरेक आन्दोलनमा मोर्चा सम्हाल्न पछि पर्दैनन् । त्यसो त पटक पटकको मधेस आन्दोलनको मोर्चा सम्हालेका उनी राजनीतिक पदमा पुगेनन् । मधेस मामिलामा विद्यावारिधी गरेका डा. विजय प्रसाद मिश्र जिद्धी स्वभावका कृष्ण बहादुर यादवको नेतृत्वका कारण नै आन्दोलन सफल भएको बताउछन् । 'लेनिन पनि जिद्धी स्वभावका थिए, त्यस्तै स्वभाव यादवमा पनि देखियो' डा. मिश्र भन्छन् 'त्यसैले आन्दोलनलाई उनले छाडेनन्, यादवको नेतृत्वमा आन्दोलन सफल भयो तर आन्दोलनको सफलतापछि जिद्धी स्वभावकै कारण राजनीतिक पदको लाभ लिन उनी पछि परे र ओझेलमैं रहे ।'

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# क्लासिक टेकद्वारा ग्राहकलाई रिचार्जमा 'महा छुट अफर'

**लहान ।** नेपालको अग्रणी र ठूलो नेटवर्क सेवा प्रदायक कम्पनी क्लासिक टेकले सेवाग्राहीका लागि विशेष अफर ल्याएको छ । हरेक ग्रहकले २ हजार ८ सय १६ देखि ४ हजार १३० क्यास डिस्काउन्ट र २ महिना बोनसम्म पाहुने छन् ।

कम्पनीले यो अफर अनलाईन मार्फत रिचार्ज गर्नेहरूका लागि उपलब्ध गराएको हो । कोरोना (कोभिड १९) भाइरसका कारण ग्राहकहरूकै सुरक्षालाई ध्यानदिँदै यस्तो योजना ल्याएको कम्पनीले जनाएको छ । उत्कृष्ट तथा गुणस्तरीय सेवाप्रवाह गरिहेको कम्पनीले अहिले विभिन्न किसीमका रिचार्ज सुविधामा 'महा छुट अफर' दिएको छ ।

सहज र उत्कृष्ट सेवा प्रवाह गर्दै ग्राहकहरूको मन जित्न सफल कम्पनीले ग्राहकहरूको फाइदा सुविधाका लागि विभिन्न समयमा छुट तथा बोनस अफर ल्याउने गर्दछ । यस्तो उत्कृष्ट प्याकेजमा अफरहरूले ग्राहकहरूलाई थप आर्थिक लाभ मिल्ने छ ।

ग्राहकले एक वर्षको शुल्क एकमुष्ट अनलाईन मार्फत भुक्तानी गर्दा जम्मा रकमको २० प्रतिशत छुट (डिस्काउन्ट) पाउँछन् भने, २ महिनाको प्लस बोनस सेवा उपलब्ध हुनेछ । त्यस्तैगरी ६ महिनाको रिचार्ज शुल्क भुक्तानी गर्ने ग्राहकले १५ प्रतिशत डिस्काउन्ट पाउनुका साथै १ महिनाको बोनस सेवाउपलब्ध छ । यो भनेको ग्राहकले ६ महिनाको शुल्कतिर्दा थप एक महिना सेवा उपलब्ध हुनु हो । तीनमहिनाको प्याकेजमा रिचार्ज गर्दा ग्राहकले १० प्रतिशत डिस्काउन्ट पाउनेछन् । १ महिनाको रिचार्ज गर्दा ५ प्रतिशत क्यास डिस्काउन्ट दिएको छ ।

कम्पनीकाअनुसार ग्राहकले जुनसुकै रिचार्ज गर्दा पनिआई पि टिभी एच डि तथा एस डि च्यानल उपलब्ध गराएको छ । 'ल्यागफ्रि गेमिङ', 'भिडिओ स्ट्रिङमिङ' एकदमै राम्रो उत्कृष्ट रहेको क्लासिक टेकको सेवामा देशका प्रमुख शहरहरूमा सजिलै उपलब्ध छ ।

त्यस्तै, ग्राहकहरूले साधरण शुल्कमा आफ्नो राउटर एक्सचेन्ज पनि गर्न सक्नेछन् । कसैलाई सेवा रिफर गर्नु भए कम्पनीले सेवामा थप बोनस उपलब्ध गरेको छ । जहाँ एक वर्षको योजनामा तपाईले २ महिना निः शुल्क बोनस पाउनेछ भने ६ महिनाको योजनामा १ महिना थप सेवा बोनस हुनेछ ।

त्यस्तै, कम्तिमा ३ महिनाको सेवा लिएको भए ग्राहकले १५ दिनको बोनस पाउने छ । यो विशेष अफर नछुटाउन कम्पनीका प्रमुख सेल्स एण्ड मार्केटिंग अफिसर बिनय अधिकारीले ग्राहकहरूलाई अनुरोध समेत गरेका छन् ।


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट्
LAHANPOST DAILY


प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. २
प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

सिरहा, लहान

## शहरी वन विकास तथा व्यवस्थापन कार्य गर्न बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/१०/०५)**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम वमोजिम शहरी वन विकास तथा व्यवस्थापन अन्तरगत यस जिल्लाको शहर भित्रका बाटो छेउछाउ विभिन्न प्रजातिको बहुमुल्य बोट बिरुवा रोपण, हरित पार्क निर्माण तथा सौन्दर्यीकरण लगायत कार्य गर्न यो कार्यक्रम तय गरिएको हुँदा सिरहा जिल्लाका इच्छुक संघ संस्था वा उपभोक्ता समिति मार्फत प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको आवश्यक कागजात सहित निवेदन प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि डिभिजन वन कार्यालय सिरहा लहानमा सम्पर्क गर्नुहोला ।

डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय, सिरहा लहान

१) आवेदन दस्तुर रु. ३००।- लाग्नेछ ।
२) तोकिए अनुसारको निर्दिष्ट निवेदन फारम र कार्ययोजना ।
३) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
४) समूह संस्थाको भए निर्णय प्रतिलिपी ।
५) सम्बन्धित सवडिभिजन वन कार्यालयको सिफारिस पत्र ।
६) संस्था दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नं. तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
७) यस कार्यमा संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण र सम्बन्धित विषयमा तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
८) प्राविधिक लागत इष्टिमेट अनिवार्य पेश गर्नु पर्नेछ ।
९) जग्गाको नाप नक्शाको संलग्न हुनु पर्ने ।
१०) थप जानकारीको लागि डिभिजन वन कार्यालयको योजना शाखामा सम्पर्क गर्नु हुन ।

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा






लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)